# मेलौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मेलौली,बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:२०७९/०४/१५

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी भक्तपुरद्वारा मिति २०७९/०४/१३ गते प्रकाशित सूचना अनुसार नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ मा व्यवस्था भए बमोजिम चालु आ.व.२०७९/०८० को लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयका भौतिक पूर्वाधार (२ कोठे र ४ कोठे विद्यालय भवन) तथा शैक्षिक पूर्वाधार (ICT ल्याव व्यवस्थापन तथा विद्यालयमा डिजिटल लाईब्रेरी व्यवस्थापन) विकास कार्यक्रममा सहभागी हुन इच्छुक यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुले तोकिए बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मिति २०७९ श्रावण २९ गतेभित्र यस कार्यालयमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

..................
सपना कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा,
मेलौली नगरपालिका,बैतडीः- सूचना कार्यालयको वेबसाइटमा अप्लोड गरिदिन हुन ।

ईमेल : ito.melaulimun@gmail.com website : www.melaulimun.gov.np फोन नं. ०९६६९०९३६

“कृषि, पर्यटन र पुर्वाधार,
मेलौली विकासको मूल आधार”

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र,**

सानोठिमी,भक्तपुर

मिति २०७९।४।१३

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव पेस गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना !

नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्युको अध्यक्षतामा मिति २०७९/०४/०९ मा बसेको निर्देशक समितिको बैठकबाट चालु आ. व. २०७९/८० का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक सुविधा बिस्तार लगायतका कार्यक्रममा सहभागी हुन इच्छुक सार्वजनिक विद्यालयहरुलाई स्थानीय तह मार्फत प्रस्ताव पेश गर्ने गरी सुचना प्रकाशन गर्ने निर्णय भए अनुसार निम्नानुसारका प्राथमिकता क्षेत्र र शर्त बन्देज भित्र रही देहाय अनुसार तोकिएको ढाँचाको प्रस्ताव मिति **२०७९ श्रावण २९** गते भित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**प्रस्तावका लागि प्राथमिकता तोकिएका क्षेत्रहरु:**

१. विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम (२ कोठे र ४ कोठे विद्यालय भवन) ।
२. ICT ल्याव व्यवस्थापन (PROJECTOR, SMART BOARD, TV SET लगायतका सामग्री) तथा विद्यालयमा DIGITAL LIBRARY व्यस्थापन ।
३. नयाँ प्राविधिक धारका विद्यालय स्थापना ।

**विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (२ कोठे र ४ कोठे विद्यालय भवन) माग गर्ने आधारहरु:**

१. विधार्थी सङ्ख्याका आधारमा भवन र कक्षाकोठा नपुग भएको ।
२. विद्यालयको भवन निर्माणका लागि विद्यालयको आफ्नै स्वामित्व र विद्यालय भवन हाता भित्र शौचालय समेत निर्माण गर्न पर्याप्त जग्गा भएको हुनु पर्ने ।
३. संघ,प्रदेश तथा स्थनीय तह र कुनै दातृसंस्थाबाट भवन निर्माणका लागि कार्यक्रम नपरेको वा दोहोरो हुने अवस्था नभएको हुनुपर्ने ।

निर्देशक

४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गत वर्ष विद्यालय भवन निर्माण कार्यक्रम प्राप्त भएको र गत विगत बर्षहरुमा परेका भौतिक निर्माणका कार्य सम्पन्न नगरेका विद्यालय हुनु नहुने ।
५. यस भन्दा अघि नमुना विद्यालय विकास कार्यक्रममा छनोट भएको विद्यालय हुन नहुने ।
६. लागत साझेदारिमा निर्माण कार्य गर्न सक्षम भए सोको प्रतिवद्धता ।
७. स्थानीय तहबाट सिफारिस भएको हुनु पर्ने ।

**ICT ल्याव व्यवस्थापन (PROJECTOR, SMART BOARD, TV SET लगायतका सामग्री) तथा विद्यालयमा DIGITAL LIBRARY व्यस्थापनः**

१. ICT ल्याव तथा हाल सम्म DIGITAL LIBRARY व्यस्था नभएका माध्यमिक विद्यालय हुनुपर्ने ।
२. आधारभुत तह कक्षा ८ सम्म संचालनमा रहेका विद्यालय समेत समावेस हुन सक्ने ।
३. ICT ल्याव व्यवस्थापन तथा DIGITAL LIBRARY व्यस्थाका लागि आवश्यक कोठा र इन्टरनेट सहितको विधुतीय प्रबन्ध भएको हुनु पर्ने ।
४. .कम्प्युटर विषय अध्यापन हुने विद्यालय भए सोको व्यहोरा खुल्ने प्रमाण समावेश गर्नुपर्ने ।
५. गत विगत वर्षहरुमा ICT ल्याव व्यवस्थापनका लागि अनुदान प्राप्त नभएका विद्यालय हुनुपर्ने ।

**नयाँ प्राविधिक धारको विद्यालय संचालन नभएका स्थानीय तहका प्राविधिक धार संचालन गर्न चाहने इच्छूक विद्यालयः**

१. हाल सम्म प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ,तत्कालिन शिक्षा बिभाग तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र बाट प्राविधिक धार संचालनका लागि विद्यालय छनोट नभएका स्थानीय तहका विद्यार्थी संख्या उच्च भइ प्राविधिक धार संचालन हुन सक्ने अवस्थामा रहेका इच्छुक माध्यमिक विद्यालयहरुले संचालन गर्न चाहेको प्राविधिक धारको विषय समेत स्पष्ट हुने गरी प्रस्ताव पेश गर्नु पर्ने ।

**कार्यक्रम माग गर्ने प्रक्रियाः**

१. माथि उल्लेखित कार्यक्रमहरुमा तोकिएका आधार भित्र पर्ने विद्यालयहरुले कार्यक्रम माग गर्दा विद्यालय व्यवस्थापन समिति बाट निर्णय गराई निर्णय प्रतिलिपि समेतका कागजातहरु सहित तयार गरेको फाइल मिति २०७९/०४/२९ गते भित्र स्थानीय तहमा पेश गर्ने ।
२. स्थानीय तहमा पेश भएका प्रस्तावहरु सम्बन्धित स्थानीय तहले २ कोठे र ४ कोठे भवनको लागि बढीमा ६ वटा विद्यालय मात्र, ICT ल्याव व्यवस्थापन तथा विद्यालयमा DIGITAL LIBRARY व्यस्थापनका लागि बढीमा ६ वटा विद्यालय र भूकम्पबाट प्रभावित भई सघन

...निर्देशक

विद्यालय पुनःनिर्माण भएका १४ जिल्लाका स्थानीय तहबाट भवन निर्माणको हकमा बढीमा २ वटा विद्यालय मात्र प्राथमिकीकरण गरी Font Kalimati र Font Size 10 मा देहायको ढाँचामा तयार गरेको Excel Sheet सहितको Electronic Copy र Hard Copy फाइल **मितिः२०७९/०५/०२** गते भित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्ने ।

| जिल्ला | स्थानीय तह | IEMIS CODE | विद्यालयको नाम र ठेगाना | विधार्थी संख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरु | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. स्थानीय तह बाट प्राप्त भएका सिफारिसहरुलाई स्थानीय तहले प्राथमिकिकरण गरेको विद्यालयको क्रम नबिग्रने र एउटा स्थानीय तहको विद्यालयहरु एकै ठाँउमा रहने गरि तपसिलको ढाँचामा शिक्षा विकास तथा समन्वय इकाईले Font Kalimati र Font Size 10 हुने गरि देहायको ढाँचामा Excel Sheet तयार गरि Editable Excel Sheet र PDF Copy दुवै कागजात मितिः२०७९/०५/०८ गते भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाइ सक्नु पर्नेछ ।

| जिल्ला | स्थानीय तह | IEMIS CODE | विद्यालयको नाम र ठेगाना | विधार्थी संख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरु | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

४. शिक्षा विकास तथा समन्वय इकाईले प्रमाणित Excel Sheet र प्राप्त प्रस्तावहरुलाई विद्यालयगत रुपमा छुट्टा छुट्टै फाईलमा राखि स्थानीय तहगत रुपमा अलग अलग छुट्टिने गरी जिल्ला भरीको सबै सक्कल प्रसतावहरु मितिः२०७९/०५/२० गते भित्र यस केन्द्रमा आइपुग्ने गरी पठाइ सक्नुपर्नेछ ।

## पेश गर्नु पर्ने कागजातहरुः

१. विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यक्रम माग गरेका कागजातहरु।

२. विद्यालयको प्राथमिकताक्रम र कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चितता सहितको स्थानीय तहको सिफारिस पत्र ।

निर्देशक

३. स्थानीय तहको प्राथमिकिकरण सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईले तयार गरेको स्थानीय तहगत जिल्लाको समष्टिगत प्रमाणित विवरण ।

४. प्राविधिक धार संचालनमा नरहेका स्थानीय तहले प्राविधिक धारको विद्यालय संचालन गर्न इच्छुक विद्यालयहरु बाट कार्यक्रम माग भइ आएमा उक्त विद्यालयलाई संचालन अनुमति सम्बन्धि प्रक्रिया पुरा गरि सोको कागजात संलगन गर्नु पर्नेछ ।

**पुनश्चः**

१. म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

२. शिक्षा विकास तथा समन्वय इकाई बाट माथि उल्लेख भएबमोजिम प्रमाणीकरण गरी पठाइएका प्रस्ताव मात्र ग्राह्य हुनेछन् ।

३. सिफारीसका लागि दिएको फर्मेट भन्दा फरक फर्मेट र फरक फन्ट प्रयोग नगरीदिनु हुन समेत अनुरोध छ ।

उप-निर्देशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको परियोजना प्रस्ताव तयार गर्ने ढाँचा

१. विद्यालयको नाम: **IEMIS Code :**
२. विद्यालयको ठेगाना: जिल्ला: स्थानीय तहको नाम:
३. सन्चालित कक्षा: विद्यार्थी संख्या- आधारभूत (कक्षा १-८) जम्मा:
माध्यमिक (कक्षा ९-१२) जम्मा:

४. प्रस्तावित कार्यक्रम / परियोजनाहरु :

| परियोजनाको नाम | अनुमानित लागत | कार्यान्वयन समय | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. कार्यक्रम कार्यान्वयन संयन्त्र र प्रक्रिया:

यस कार्यक्रमको कार्यान्वयनबाट यस पूर्व कुनै पनि स्रोतबाट कार्यान्वित कार्यक्रमसँग दोहोरोपन नपरेको भन्ने व्यहोरा प्रमाणित गर्दछु ।

हस्ताक्षर:
प्रधानाध्यापकको नाम:
मिति:

विद्यालयको छाप

---

६. स्थानीय तहको कार्यपालिकाको सिफारिस (प्रस्तावित कार्यक्रममा दोहोरोपन नभएको यकिन सहित कार्यक्रमको अत्यावश्यकता प्रमाणित गर्ने )

स्थानीय तहको नाम, ठेगाना,
छाप

हस्ताक्षर :
प्रमुख प्रशासकीय अधिकृतको नाम:
मिति :

पुनश्च :
प्रस्तावित कार्यक्रमको बजेट सीमा यस केन्द्रबाट स्वीकृत कार्यक्रम अनुसार भए सो अनुसार हुने अन्यको हकमा प्राविधिक लागत अनुमान समेत पेश गर्नुपर्नेछ ।